जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्र (District Corona Crisis Management Center, DCCMC) रामेछापद्वारा प्रकाशित

## कोभिड-१९ विशेष रामेछाप जिल्ला स्तरीय प्रतिकार्य

# बुलेटिन




वर्ष १ | २०७७ आषाढ मसान्त | अंक ४


मा.राज्य मन्त्री श्री नवराज रावतज्यूबाट जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रको बैठकमा सहभागी

## संघीय मा. स्वास्थ्य तथा जनसंख्या राज्य मन्त्रीज्यूबाट अनुगमन तथा निरीक्षण

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका मा. राज्य मन्त्री श्री नवराज रावतज्यूबाट रामेछाप जिल्लामा अनुगमन तथा निरीक्षण भएको छ । माननीय मन्त्रीज्यूले जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रको बैठकलाई सम्बोधन गर्दै कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लिएको नीतिको बारेमा प्रष्ट पार्दै नेपाल सरकार, विश्व स्वास्थ्य संगठन, विज्ञले दिएको सुझाव अनुरुप आगामी दिनमा थप योजनाका साथ अघि बढ्न निर्देशन दिनु भएको छ । बैठक पश्चात रामेछाप जिल्ला अस्पतालको निर्माणाधिन भवन, जिल्ला अस्पतालको आइसोलेसन भवन र रामेछाप नगरपालिकाको क्वारेन्टिनको अनुगमन गर्नु भएको थियो ।

## कोभिड-१९ को सम्बन्धि विवरण

| क्र. स. | स्थानीय तह/ अस्पताल | क्वारेन्टिन वेड संख्या | क्वारेन्टिनमा रहेका व्यक्तिको संख्या | | | क्वारेन्टिन रहेको संख्या | क्वारेन्टिनबाट फिर्ता भएको संख्या | आइसोलेसन वेड संख्या | Report Positive आएको | निको भएका | स्वाव संकलन संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | | | | | |
| १ | जिल्ला अस्पताल रामेछाप | ० | ० | ० | ० | ० | ० | १८ | ० | | |
| २ | तामाकोशी अस्पताल | ० | ० | ० | ० | ० | ० | १४ | ० | | |
| ३ | रामेछाप सामुदायिक अस्पताल | ० | ० | ० | ० | ० | ० | ४ | ० | | |
| ४ | मन्थली नगरपालिका | ११९ | ६ | १०० | १०६ | १७ | ८९ | १८ | २ | २ | |
| ५ | रामेछाप नगरपालिका | १०० | १० | ८७ | ९७ | २२ | ८० | ३ | ० | | |
| ६ | उमाकुण्ड गाउँपालिका | ५३ | ९ | ३४ | ४३ | ० | ४३ | ० | ० | | ५०८ |
| ७ | खाँडादेवी गाउँपालिका | ५३ | १० | ५९ | ६९ | १७ | ५२ | ११ | ० | | |
| ८ | गोकुलगंगा गाउँपालिका | ४९ | १ | ३७ | ३८ | १० | २८ | ५ | ११ | ११ | |
| ९ | दोरम्बा गाउँपालिका | १६ | १ | १८ | १९ | ४ | १५ | ७ | ० | | |
| १० | लिखु तामाकोशी गा.पा. | ९३ | ६ | ६७ | ७३ | १४ | ५९ | ३ | १० | १० | |
| ११ | सुनापती गाउँपालिका | २६ | ५ | २८ | ३३ | ३ | ३० | ६ | ० | | |
| जम्मा | | ५०९ | ४८ | ४३० | ४७८ | ८७ | ३९६ | ८९ | २३ | २३ | ५०८ |

⇨ RDT परीक्षण गरिएको संख्या:- ८९२ जना (महिला १८० पुरुष ७१२)

श्रोत: स्वास्थ्य कार्यालय

⇨ स्वाव परीक्षण Report Negative आएको:- ४८५ जना

# जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC) को विविध संरचना/सम्पर्क

## कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) रामेछापका पदाधिकारीहरुको नाम तथा सम्पर्क नम्बर

| नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|
| श्री रुद्रादेवी शर्मा | प्र.जि.अ. | ९८५४०५७७७७ |
| श्री फडिन्द्र दाहाल | जि.स.अ. | ९८५४०४०१०७ |
| श्री राजु प्रसाद पौडेल | स.प्र.जि.अ. | ९८५११७३४२६ |
| श्री गणेश सिंह भण्डारी | प्रमुख सेनानी | ९८५११३६७८० |
| श्री बसन्त पाठक | प्र.ना.उ. | ९८५४०५५५५५ |
| श्री रमेश कुमार थापा | प्र.ना.उ. | ९८४१४२३४६६ |
| श्री सुबास कार्की | प्र.अ.अ. | ९८४१९०८०९६ |
| श्री जितेन्द्र कमार कर्ण | स्वास्थ्य प्रमुख | ९८५४०४५००७ |
| डा. आनन्द प्रसाद आचार्य | चिकित्सक | ९८४९१७७०५७ |
| **सल्लाहाकार** | | |
| श्री प्रेम बहादुर खड्का | प्रमुख, जि.स.स. | ९८४०००८७३३ |
| श्री रमेश कुमार बस्नेत | नगर प्रमुख, मन्थली नपा | ९८५१०४८४५८ |

## जिल्ला स्तरीय निर्देशक समिति गठन

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| प्रमुख/अध्यक्ष, नगरपालिका/गाउँपालिका | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| प्रमुख सेनानी, नयाँ गोरख गण | सदस्य |
| प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय | सदस्य |
| स.प्र.ना.उ., स.प्र.ब. नेपाल | सदस्य |
| प्र.अ.अ., रा.अ.जि.का. | सदस्य |
| कार्यालय प्रमुख, स्वास्थ्य कार्यालय | सदस्य |
| डा. आनन्द प्र. आचार्य, जिल्ला अस्पताल | सदस्य |
| जि.स.अ., श्री फणिन्द्र दाहाल, जि.स.अ. | सदस्य सचिव |

## सल्लाहकार समूह

- प्रतिनिधि सभा सदस्य, माननीय सांसद श्यामकुमार श्रेष्ठ
- प्रदेश सभा सदस्य एवं आर्थिक मामीला तथा योजना मन्त्री, माननीय सांसद कैलाश प्रसाद ढुंगेल
- प्रदेश सभा सदस्य, माननीय सांसद शान्ति प्रसाद पौडेल
- प्रदेश सभा सदस्य, माननीय सांसद श्री रिता माझी

## COVID-19 सम्बन्धी रोकथाम तथा उपचारको लागि जिल्ला एवं स्थानीय तहहरुको स्वास्थ्य संयोजकहरुको सम्पर्क नम्बर

| कार्यालय | संयोजकको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| स्वास्थ्य कार्यालय | श्री जितेन्द्रकुमार कर्ण | ९८५४०४५००७ |
| जिल्ला अस्पताल | डा. आनन्द आचार्य | ९८४९१७७०५७ |
| मन्थली नपा | श्री केशव फुयाल | ९८५४०४०३४७ |
| रामेछाप नपा | श्री विष्णु कार्की | ९८५४०४३४०१ |
| लिखु तामाकोशी गापा | श्री जयप्रकाश राय | ९८४४२०१०६२ |
| सुनापति गापा | श्री प्रवल योञ्जन | ९८५११८७०८३ |
| उमाकुण्ड गापा | श्री दिपेन्द्र पैकारा | ९८५४०४००६५ |
| गोकुलगंगा गापा | श्री जागीर राय | ९८४९८५०३१५ |
| दोरम्बा गापा | श्री कमल भट्टराई | ९८४१२०८१७३ |
| खाँडादेवी गापा | श्री ओम प्रकाश श्रेष्ठ | ९८४४१४२०७५ |

## जिल्लास्तरीय Radip Respeonse Team (RRT)

| | |
|---|---|
| स्वास्थ्य प्रमुख श्री जितेन्द्रकुमार कर्ण, स्वास्थ्य कार्यालय | संयोजक |
| चिकित्सक डा. आनन्दप्रसाद आचार्य, जिल्ला अस्पताल | सदस्य |
| प.हे.न., श्री धन बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| खो.अ., श्री रामकृष्ण बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| उपसभापति, श्री रामविष्णु बस्नेत, नेपाल रेडक्रस सोसाइटी | सदस्य |
| स्वास्थ्य संयोजक श्री विष्णु बहादुर कार्की, रामेछाप नपा | सदस्य |
| सि.अ.हे.व.अ., श्री दिपेन्द्र नारायण श्रेष्ठ, रामेछाप अस्पताल | सदस्य |
| अ.न.मि. श्री ममता थापा, रामेछाप अस्पताल | सदस्य |
| ल्या.टे. श्री राजेश प्रसाद पाल, स्वास्थ्य कार्यालय | सदस्य-सचिव |

## स्थानीय तहहरुको प्रमुख/अध्यक्षहरुको नामावली एवं सम्पर्क नम्बरहरु

| नपा/गापा | पद | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|
| मन्थली न.पा. | प्रमुख | श्री रमेश कुमार बस्नेत | ९८५१०४८४५८ |
| रामेछाप न.पा. | प्रमुख | श्री नरबहादुर थापा मगर | ९८५१११३८०२ |
| उमाकुण्ड गा.पा. | अध्यक्ष | श्री शेर ब. सुनुवार | ९८४३०८१८५१ |
| खाँडादेवी गा.पा | अध्यक्ष | श्री प्रेम ब. तामाङ | ९८५४०४०१६८ |
| गोकुलगंगा गा.पा. | अध्यक्ष | श्री खड्क सुनुवार | ९८५११७१३२५ |
| लिखुतामाकोशी गा.पा. | अध्यक्ष | श्री गोबिन्दबहादुर खड्का | ९८५१०९७७३९ |
| दोरम्बा गा.पा. | अध्यक्ष | श्री कमान सिंह तामाङ | ९८५४०४३९६९ |
| सुनापति गा.पा. | अध्यक्ष | श्री धावा लामा | ९८५४०४००४० |

# जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकबाट भएको मुख्य-मुख्य निर्णयहरु

१. रामेछाप जिल्लामा सबै पालिकाबाट विभिन्न मुलुकमा गएका नागरिकहरु अनुमानित ८८४२ जना रहेको पाइयो।

२. यस वर्षको मनसुन शुरु भएकोले सम्बन्धित बाढी, पहिरो, डुवानबाट हुन सक्ने विपद्जन्य घटनाको उद्धार तथा पुनस्थापनाको लागि आवश्यक तयारी र विपद्जन्य उपकरणहरु तयारी अवस्थामा राख्न सबै सरोकारवाला निकायहरुलाई अनुरोध गर्ने ।

३. नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र, छाउनी काठमाण्डौको प.सं. ७६/७७-३६ मिति २०७७/०३/०१ को पत्रबाट देहाय बमोजिमका विषयहरुमा निर्णय कार्यान्वयनको लगि लेखि आएको हुँदा तपसिल बमोजिम गर्ने ।

क) मेडिकल कलेज नभएका अन्य स्थानहरुमा हाल सञ्चालन भई रहेका क्वारेन्टिनहरु मध्ये नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरेर क्वारेन्टिन स्थलहरुलाई आवश्यक बजेट उपलब्ध गराई आइसोलेसन सेन्टरको रुपमा विकास गर्ने भन्ने निर्णय भएको हुँदा आइसोलेसन अपुग भई क्वारेन्टिनलाई नै आसोलेसन बनाउन बजेट आवश्यक भए **DCCMC** मार्फत **CCMC** सँग माग गर्ने ।

ख) होल्डिङ्ग सेन्टर, क्वारेन्टिन तथा आइसोलेसन सेन्टरको लागि हेण्डबास सिस्टम, अस्थायी शौचालय, पिउनयोग्य पानीको आपूर्ति लगायतका आवश्यक व्यवस्था संघिय खानेपानी ढल व्यवस्थापन आयोजना र खानेपानी तथा सरसफाई डिभिजन नं. ४ ले मिलाउने ।

ग) तेश्रो मुलुक तथा भारतबाट तोकिएको सीमा नाका भै प्रवेश गर्ने नेपाली नागरिकहरुलाई होल्डिङ्ग सेन्टरबाट सम्बन्धित क्वारेन्टिनसम्मको यात्राको दौरान आवश्यक पर्ने एवं होल्डिङ्ग सेन्टर तथा यात्रामा खट्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा स्वयसेवकहरुलाई मास्क, स्यानिटाइजर लगायतका स्वास्थ्य सामाग्रीहरु सम्बन्धित होल्डिङ्ग सेन्टरमा स्वास्थ्य कार्यालयले उपलब्ध गराउने ।



DCCMC को बैठक

घ) स्थानीय तहको समन्वयमा कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका सन्दर्भमा स्थानीय समाजिक संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त हुने औषधी उपकरण बाहेक मास्क, पञ्जा, स्यानिटाइजर जस्ता स्वास्थ्य सामाग्री स्वीकार गरी स्थानीय तहहरुले आवश्यकता अनुसार आर्थिक अवस्था कमजोर भएका विपन्न नागरिकहरुलाई वितरण गर्ने । साथै आवश्यकता अनुसार क्वारेन्टिन र आइसोलेसनहरुमा समेत वितरण गर्ने ।

५. जिल्लामा रहेका क्वारेन्टिन र आइसोलेसनमा स्वास्थ्यकर्मी पठाई नियमित **Follw up** को व्यवस्था स्वास्थ्य कार्यालयले गर्ने ।

६. क्वारेन्टिन तथा आइसोलेसनमा आवश्यक सुरक्षा व्यवस्था जिल्ला प्रहरी कार्यालय मिलाउने ।

७. जिल्ला भित्र रहेका क्वारेन्टिन, आइसोलेसन तथा होल्डिङ्ग सेन्टरहरुको स्थलगत अनुगमन सम्बन्धित स्थानीय तह, स्वास्थ्य कार्यालय, जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रबाट गर्ने ।

८. कोभिड-१९ को संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न सम्पूर्ण सरकारी, गैरसरकारी कार्यालय, बैंक, वित्तिय संस्था, उद्योगी व्यवसायीहरुले पूर्णरुपमा स्वास्थ्य सुरक्षाका मापदण्डको पालना भए नभएको अनुगमन गरी कडाई पूर्वक मापदण्डको पालना गर्ने/गराउने तथा अनिवार्य रुपमा मास्को प्रयोग गर्ने/गराउने व्यवस्था मिलाउने ।

९. सबै स्थानीय तह, स्वास्थ्य कार्यालय, जिल्ला अस्पतालले कोभिड-१९ को उपचार तथा रोकथामको लागि २०७७ आषाढ मसान्त सम्म प्राप्त भएको बजेट र खर्चको विवरण २०७७ श्रावण ५ गते भित्र जिल्ला स्तरीय संकट व्यवस्थापन समिति (DCCMC) मा उपलब्ध गराउने ।

१०. प्रदेश स्तरीय संकट व्यवस्थापन केन्द्रको मिति २०७७/०३/१० को निर्णयानुसार प्रदेश सरकारबाट कम्तिमा १० प्रतिशत वेड महिलालाई सुरक्षित गर्ने गरी ५० वेडको आइसोलेसन वार्ड जिल्ला अस्पताल भित्र निर्माण गर्ने, सोको लागि लागत अनुमान पूर्वाधार विकास कार्यालयले गरी आवश्यक बजेट र जनशक्ति व्यवस्थाको लागि बागमती प्रदेश सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने ।

११. देशभर कोभिड-१९ को महामारी विकराल भइरहेको अवस्था उक्त रोगको चेक जाँचो पनि दायरा बढाउन पर्ने अवस्था भएको हुँदा जिल्लामा कोरोना संक्रमित कोही नछुटुन र जथाभावी जाँचलाई पनि रोक्न जिल्ला भरिको चेक जाँचको समन्वय गरि एकरुपता ल्याउन डा. आनन्द आचार्य (जिल्ला अस्पताल) लाई जिम्मेवारी तोकिएको छ । सोही अनुसार काम गर्न/गराउन सम्पूर्ण स्थानीय तहहरु र सम्बन्धित सबैलाई आग्रह गर्ने ।

१२. विश्व स्वास्थ्य संगठनको अनुसन्धानलाई आधारमानी मिति २०७७/०२/२० गतेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशिका अनुसार १४ दिनसम्म क्वारेन्टिनमा राखी लक्षण नदेखिए स्वास्थ्य कर्मीको निगरानीमा १ हप्ता होम क्वारेन्टिनमा बस्ने गरी पठाउने र कोभिड-१९ Positive देखिएको विरामी हकमा लक्षण विना नै १४ दिन आइसोलेसनमा बसि सकेपछि अर्को व्यवस्था नभए सम्म घर पठाउने निर्णय गर्न/गराउन सबै स्थानीय तह र सम्बन्धित निकाय सबैलाई आग्रह गर्ने ।

१३. तेस्रो मुलुकबाट आउने नागरिकलाई काठमाण्डौको होल्डिङ्ग सेन्टरबाट रामेछापको सेलेघाटको होल्डिङ्ग सेन्टर सम्म ल्याउने व्यवस्था १ महिनाको लागि रामेछाप उद्योग बाणिज्य संघले गर्ने र त्यसको समन्वय जिल्ला समन्वय समिति र नेपाल रेडक्रस सोसाइटीबाट गर्ने, तत्पश्चात सम्बन्धित पालिकासँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

# कार्यालय प्रमुखहरुको बैठक

**मिति २०७७ आषाढ ०१ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला स्थित सम्पूण कार्यालयका प्रमुखहरुको बैठक सम्पन्न भई देहाय बमोजिमको निर्णय भएको छ ।**

१. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०१/२८ को निर्णयानुसार सरकारी, गैर सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुको सेवा तथा कार्यालय सञ्चालन सम्बन्धमा निर्णय भएकोले देहाय बमोजिम गर्ने/गराउने निर्णय गरियो।

क) सबै कार्यालयहरुले नेपाल सरकारको निर्णय बमोजिम बमोजिम विहान ८:०० बजे देखि बेलुका ६:०० बजेसम्म २ सिफ्टमा सेवा तथा कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

ख) कार्यालय परिसरमा साबुनपानी वा स्यानीटाइजरले हात धुने व्यवस्था मिलाउने ।

ग) कार्यालय परिसर भित्रको खाली कोठा स्थान निसंक्रमित गरी वा सरसफाई गरी निश्चित दुरी कायम गरी सेवा प्रवाहको व्यवस्था मिलाउने ।

घ) कार्यालयमा अनिवार्य सबैले मास्क, पन्जा लगाउने र सेवा ग्राहीहरुलाई लगाउन सु-सूचित गर्ने ।

ङ) आवश्यक प्रकृया र कागजात नपुग्दा जिल्लामा आएर फर्किनु पर्ने हुँदा कार्यालयले प्रदान गर्ने सेवा सुविधाको सूचना र नागरिक वडापत्र सबै पालिका/वडाहरुमा पठाउने र सबै प्रक्रिया पुरा गरी सिफारिस सहित पठाउन सबै पालिका र वडाहरुमा लेखि पठाउने ।

च) कार्यालय प्रमुखहरु कार्यालयमा अनिवार्य बसी सेवा प्रवाह र स्वास्थ्य सुरक्षाका मापदण्ड पालना भए/नभएको अनुगमन गर्ने

छ) भौतिक दूरी कायम गर्न मिल्ने र गर्न सकिने कार्यहरु विद्युतीय माध्यमबाट कार्यस्थल पुगेर वा कतिपय टेलिफोन मार्फत पनि सेवा प्रवाहको व्यवस्था मिलाउने ।

ज) कार्यालयमा आउने आगन्तुक सेवाग्राहीको नाम, सम्पर्क नं. सहितको विवरण राख्ने ।

२. आ.व. २०७७ जेष्ठ मसान्त सम्मको संघ तर्फको बजेट चालु तर्फ ७१.२८ प्रतिशत, पूँजीगत तर्फ ३०.३४ प्रतिशत तथा प्रदेश तर्फ चालू तर्फ ५१.३० प्रतिशत र पूँजीगत तर्फ ३८.५४ प्रतिशत प्रगति भएको समिक्षा गरियो।

३. चालु आ.व. भित्र सम्पन्न गर्नु पर्ने विकास निर्माणका कार्य आयोजनाहरु शिघ्र सम्पन्न गरी विनियोजित बजेटको पूँजीगत खर्च वृद्धि गर्ने ।

४. पूर्वाधार निर्माणका संघ/प्रदेश तथा स्थानीय तहका कतिपय आयोजनामा प्राविधिक सुपरिवेक्षण नभएको, विनियोजित बजेट र हुनुपर्ने परिमाणमा कार्य नभएको, ठेकेदारबाट समयमा कार्य नभएको, आयोजना सञ्चालनमा विवाद हुने जस्ता गुनासाहरु लिखित तथा मैखिक रुपमा प्राप्त भएकोमा उल्लेखित पक्षहरुलाई पूर्ण रुपमा ध्यान दिई निर्माण कार्य गर्नु/गराउनु हुन ।

५. पूर्वाधार निर्माण तथा विकास निर्माणसँग सम्बन्धित कार्य गर्न उपलब्ध भएसम्म कार्यस्थल रहेको बस्ती/वडा/स्थानीय तह/जिल्लाको जनशक्ति प्रयोग गर्ने, जिल्ला बाहिरबाट जनशक्ति ल्याउँदा सम्बन्धित वडा/स्थानीय तह र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

६. कार्यालयका टेलिफोन, धारा पानी, बत्ति, सवारी साधन मर्मत गरी सूचारु अवस्थामा राख्ने ।

७. कार्यालयका सूचनाहरु सेवाग्राहीसम्म पुग्ने वेवसाईट तथा सञ्चार माध्यमहरु मार्फत सूचना प्रवाहको व्यवस्था मिलाउने।

८. संघीय तथा प्रादेशिक खानेपानी कार्यालयले आफ्नो कार्य क्षेत्र भित्र पर्ने खानेपानी आपूर्तिको नियमित व्यवस्थापन मिलाउने।

९. मनसुन शुरु हुन लागेकोले आगलागी, चट्याङ्ग, बाढी पहिरो, डुवान जस्ता विपद् न्यूनीकरणको लागि सबै निकाय तयारी अवस्थामा रहने र सामान/उपकरणलाई तयारी अवस्थामा राख्ने ।

१०. तीनै तहको सरकारी कार्यालयसँग समन्वय गरी आगामी वर्षको बजेट तथा कार्यक्रम कोभिड-१९ मैत्री रुपमा निर्माण गर्ने ।



कार्यालय प्रमुखको बैठक

११. सबै सुरक्षा निकायबाट जनजिवनलाई सहज बनाउने र शान्ति सुरक्षा कायम गर्न सुरक्षा व्यवस्था मजबुत बनाउने।

१२. भुकम्प पीडित नागरिकको सुरक्षित आवासमा पहुँच सुनिश्चित गर्न, निजी आवास, पुननिर्माणको काम तथा स्वास्थ्य, शिक्षा, सम्पदा समेतको क्षेत्रमा पुननिर्माणका बाँकी कामहरु यथासक्य छिटो सम्पन्न गर्ने साथै कार्य सम्पन्न गर्दा कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण उपायको अवलम्बन गर्ने ।

१३. सबै पालिकाका प्रमुख प्रशासकीय अधिकृत पालिकाको संकट व्यवस्थापन केन्द्रको सदस्य सचिव हुने व्यवस्था रहेकोले पालिकाको संकट व्यवस्थापनको बैठक राखी सहजीकरण गर्नु पर्ने विषय जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रमा पठाउने व्यवस्था गर्ने।

१४. सबै कार्यालयहरुमा आइपर्ने संकट व्यवस्थाको लागि तयारी अवस्थामा रहन आवश्यक व्यवस्था गर्ने ।

१५. जिल्ला अस्पताल तथा स्वास्थ्य कार्यालयबाट कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि स्वास्थ्य सुरक्षाका मापदण्ड कार्यान्वयन गराउने, सूचना प्रसारण गर्ने, प्रोटोकलको आधारमा **PCR/RDT** गराउने ।



# २०७७ साल आसाढ मसान्त सम्म भारत लगायत तेस्रो मुलुकबाट नेपाल आई क्वारेन्टिनमा रहेको व्यक्तिहरुको विवरण

| सि. न. | देश/मुलुक | मन्थली नगरपालिका | | रामेछाप नगरपालिका | | उमाकुण्ड गाउँपालिका | | खाँडादेवी गाउँपालिका | | गोकुलगंगा गाउँपालिका | | लिखु तामाकोशि गाउँपालिका | | दोरम्बा गाउँपालिका | | सुनापति गाउँपालिका | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | जम्मा |
| १. | दुबई | ० | ६ | २ | ४ | ० | २ | १ | ३ | ० | ४ | ० | ३ | ० | ५ | २ | ७ | ५ | ३४ | ३९ |
| २. | ओमन | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ४ | ४ |
| ३. | कतार | ० | २ | ० | ० | ० | ० | १ | ४ | ० | ० | ० | १ | ० | १ | ० | ० | १ | ८ | ९ |
| ४. | बहराईन | १ | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ३ |
| ५. | मलेशिया | ० | १ | ० | २ | ० | ० | ० | ३ | ० | २ | ० | २ | ० | ० | १ | ६ | १ | १६ | १७ |
| ६. | माल्दिभ्स | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० |
| ७. | कुबेत | २ | ५ | ० | ५ | ० | ० | १ | ० | ० | ० | ० | ४ | ० | २ | ० | १ | ३ | १७ | २० |
| ८. | साउदी | ० | ६ | ० | ७ | ० | ० | ० | ४ | ० | २ | ० | २ | ० | १ | ० | १ | ० | २३ | २३ |
| ९. | भारत | ३ | ७७ | १ | ५८ | ० | ० | ५ | ४३ | १ | २८ | ६ | ५२ | १ | ९ | १ | ५ | १८ | २७२ | २९० |
| १०. | नेपाल | ० | ० | ५ | ९ | ९ | ३२ | १ | २ | ० | ० | ० | २ | ० | ० | ० | ३ | १५ | ४८ | ६३ |
| ११. | जोर्डन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | १ |
| १२. | थाईल्याण्ड | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | २ |
| १३. | चिन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | १ |
| १४. | बंगलादेश | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | २ |
| १५. | ईजराईल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | १ |
| १६. | डेन मार्क | ० | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ |
| जम्मा | | ६ | १०० | १० | ८७ | ९ | ३४ | १० | ५९ | १ | ३७ | ६ | ६७ | १ | १८ | ५ | २९ | ४८ | ४३० | ४७८ |

- हाल सम्म करेन्टाईनमा रहेको संख्या ४७८ जना
- हाल सम्म होम करेन्टाईनमा रहेको संख्या ११४ जना
- जम्मा संख्या ५९२ जना

## जिल्ला विपद् व्यवस्थापन समिति एवं स्थानीय विपद् व्यवस्थापन समितिको कोषमा रहेको रकम

| क्र.स. | स्थानीय तह/समितिको नाम | विपद् कोषमा रहेको रकम |
|---|---|---|
| १. | जिल्ला विपद् व्यवस्थापन समिति (कोभिड-१९ सम्बन्धी प्रदेश सरकाकारबाट प्राप्त समेत) | ७,३३,०९०।- |
| २. | मन्थली नगरपालिका | ३०,००,०००।- |
| ३. | रामेछाप नगरपालिका | ३८,७०,९५२।- |
| ४. | उमाकुण्ड गाउँपालिका | १०,००,०००।- |
| ५. | खाँडादेवी गाउँपालिका | ३९,३९,०००।- |
| ६. | गोकुलगंगा गाउँपालिका | ३२,००,०००।- |
| ७. | लिखु तामाकोशी गाउँपालिका | २०,००,०००।- |
| ८. | दोरम्बा गाउँपालिका | २५,००,०००।- |
| ९. | सुनापति गाउँपालिका | ८०,४५,०००।- |

## कोभिड-१९ सम्बन्धि बसेको विभिन्न बैठकहरु

| सि.नं. | बैठकको नाम | आषाढमा बसेको संख्या | चैत्र देखि आषाढ सम्म |
|---|---|---|---|
| १. | जिल्ला सुरक्षा समितिको बैठक | ४ | १३ |
| २. | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक | - | १ |
| ३. | जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्र बैठक | १ | १३ |
| ४. | कार्यालय प्रमुखहरुको बैठक | १ | २ |
| ५. | सर्वपक्षीयको बैठक | - | ७ |
| ६. | Paying Quarantine सम्बन्धि बैठक | - | २ |
| ७. | Steering Committee को बैठक | - | ३ |
| ८. | आपुर्ति तथा वितरण व्यवस्थापन समितिको बैठक | १ | १ |
| ९. | जिल्ला अनुगमन समिति बैठक | १ | १ |
| १०. | एम्बुलेन्स सञ्चालक समिति बैठक | १ | १ |
| ११. | बजार अनुगमन समिति बैठक | ३ | ३ |
| १२. | अन्य सरोकारवालाहरुसँग नियमित भई रहेको | | |

## जिल्लामा तयारी अवस्थामा रहेका एम्बुलेन्स विवरण

| स्थानीय तह | एम्बुलेन्स नं. | सम्पर्क नं. | निकाय |
|---|---|---|---|
| रामेछाप नगपालिका | बा. २ झ १७५२ | ९७४४०१६३४० | श्री जिल्ला अस्पताल रामेछाप |
| | बा. ११ च. ९८९९ | ९८४१४७०७१९ | श्री गोठगाउँ स्वास्थ्य चौकी |
| | बा. १९ च. ३९२४ | ९८६१९९३६५१ | श्री साँघुटार स्वास्थ्य चौकी |
| | बा. २ झ ४४२२ | ९८४०६०८२५८ | श्री रामेछाप नगरपालिका |
| मन्थली नगपालिका | बा. १० च. ४४४२ | ९८५४०४०१२८ | श्री रेडक्रस सोसाईटी मन्थली |
| | बा. १३ च. ५४८८ | ९८४४२४२१३६ | श्री तामाकोसी अस्पताल |
| | प्रदेश-३-०१-०२३ च ०४०२ | ९८६०६९८४७४ | श्री मन्थली नगरपालिका |
| | बा. १९ च. ३९१९ | ९८६९४१७१२६ | श्री गेलु चनखु संचालक समिति |
| | बा. २ झ ४४६२ | ९८६१३७७२३२ | श्री गेलु प्राथमिक स्वास्थ्य केन्द्र |
| | प्रदेश-३-०१-००२ झ ४९४४ | ९८४१७५२०५५ | फुलासी स्वास्थ्य चौकी |
| | बा. १९ च.३९२३ | ९८४४१४१६२९ | श्री दोरम्बा डडुवा फुलासी एम्बुलेन्स संचालक समिति |
| खाँडादेवी गाउँपालिका | प्रदेश-३-००२-५०३८ | ९८६३५२६८१९ | खाँडादेवी विकास कोष |
| गोकुलगंगा गाउँपालिका | बा १९ च २८३ | ९८४८९३४५५० | चुचुरे स्वास्थ्य चौकी |
| | बा. २ झ १०५७ | ९८६०५४९४२७ | श्री बेताली स्वास्थ्य चौकी |
| उमाकुण्ड गाउँपालिका | ज. १ झ. ४१२ | ९८६४३३४०७७ | श्री गुम्देल स्वास्थ चौकी |
| | ज. १ च. १६६९ | ९८४५१६६७१२ | श्री बाम्ती स्वास्थ्य चौकी |
| | ज. १ झ ४१४ | ९८१३८६२८३० | प्रिति स्वास्थ्य चौकी |
| | बा. १९ च ३९२० | ९८४६७७१०६४ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| लिखु तामाकोसी गाउँपालिका | बा. १० च ४४४४ | ९८६०१५८३०९ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| | बा. २ झ ४०१६ | ९८४८८५७७९४ | श्री लिखु तामाकोसी गाउँपालिका |
| | | ९८४३४९१४३३ | |
| | बा. २ झ ४०१५ | ९८६०७१९१३७ | |
| | | ९८६११८६९७९ | |

## COVID-19 Friendly एम्बुलेन्स

| निकाय | एम्बुलेन्स नं. | चालकको सम्पर्क नं. |
|---|---|---|
| जिल्ला अस्पताल | बा २ झ १७५२ | ९७४४०१६३४० |
| नेपाल रेडक्रस सोसाईटी | बा १० च ४४४२ | ९८६४००७२८० |
| मन्थली न.पा. (प्रा. स्वास्थ्य केन्द्र गेलू) | बा २ झ ४४६२ | ९८६१३७७२३२ |
| रामेछाप नगरपालिका | बा १२ च ५५५५ | ९८६०४४११२५ |
| रामेछाप नगरपालिका | ज १ च १०५१ | ९७४४०५९७९४ |
| सुनापति गा.पा (स्वास्थ्य चौकी) | बा २ झ ६७६ | ९८१३५३६९७७ |
| खाँडादेवी गाउँपालिका | बा १९ च ३९२२ | ९८४९७५६७४९ |
| उमाकुण्ड गाउँपालिका (गुम्देल स्वास्थ्य चौकी) | ज १ झ ४१२ | ९८६४३३४०७७ |
| दोरम्बा गाउँपालिका | बा २ झ ४२७५ | ९८४९४४१९८२ |
| गोकुलगंगा गाउँपालिका (रस्नालु स्वास्थ्य चौकी) | ज १ झ ४१३ | ९८६३९१३८८७ |
| लिखु तामाकोसी गाउँपालिका | बा २ झ ४०१५ | ९८६११८६९७९ |

## सि.सि. क्यामेरा जडान

जिल्ला अस्पताल रामेछापमा कोभिड-१९ को केशहरुको व्यवस्थापनमा सहजता होस भन्ने अभिप्रयले आइशोलेसन कक्ष लगाएत अस्पतालको मुख्य-मुख्य स्थानहरुमा सि.सि. क्यामेरा जडान गरी निगरानी गर्ने काम शुरु गरेको छ ।

## स्थानीय तहहरुबाट वितरण गरिएको राहत विवरण

| सि. नं. | स्थानीत तह | राहत प्राप्त गर्नेको संख्या |
|---|---|---|
| १. | मन्थली नगरपालिका | ३०१ जना |
| २. | रामेछाप नगरपालिका | - |
| ३. | उमाकुण्ड गाउँपालिका | नियमित औषधि सेवन गर्ने ५५५ जना माग बमोजिमको औषधि वितरण गरिएको |
| ४. | खाँडादेवी गाउँपालिका | श्रममा आधारित राहत प्याकेज ल्याईएको |
| ५. | गोकुलगंगा गाउँपालिका | १०७९ जना |
| ६. | लिखु तामाकोशी गाउँपालिका | - |
| ७. | दोरम्बा गाउँपालिका | - |
| ८. | सुनापति गाउँपालिका | २८ जना |
| जम्मा | | १४०८ |

# नेपाल रेडक्रस सोसाइटी रामेछापबाट भएका कार्यहरु

विश्व समुदायमा महामारीको रुप लिएको कोभिड-१९ को प्रभाव नेपालमा पनि परी रहेको हामी सबैमा अवगत नै छ । यस्तो प्रकारको महामारीको रोकथामतथा नियन्त्रण गर्ने उदेश्यले यस रामेछाप जिल्लामा अन्य जिल्लाहरुबाट प्रवेश गर्ने यात्रु वाहक, मालबाहक लगायत खाद्यान्न तथा अतिआवश्यक बस्तु ढुवानी गर्नका लागि प्रयोग हुने सवारी साधनबाट समेत उक्त संक्रमण फैलन सक्ने जोखिमलाई मध्यनजर गर्दै नेपाल रेडक्रस सोसाइटी रामेछाप जिल्लाशाखाले उक्त सवारी साधनहरुको किटाणु शोधन (vehicles disinfection) गर्नका लागि (Sodium hypochlorite solution) को प्रयोग गरी जोखिम निर्मलीकरण गर्ने कार्य यसै वर्षको बैशाख महिनाबाट शुरु गरेको छ र हाल सम्म करिब २८३१ (दुइ हजार आठ सय एकतिस) वटा सवारी साधनहरु लाभान्वित भएका छन् । यसै क्रममा कोरोना मैत्री एम्बुलेन्स सेवा समेत यस शाखाबाट संचालित भइरहेको छ ।

**कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि गरेका गतिविधिहरु**

- सरसफाइलाई मध्यनजर गर्दै यस जिल्लाका प्रत्येक गाँउपालिका तथा नगरपालिका, छानिएका वडा तथा क्वारेनटाइन र आइसोलेसन कक्षहरुमा Hand washing station गतिविधि सञ्चालन गरेको छ ।
- Hand washing station गतिविधि अन्तर्गत आवश्यकतालाई मध्यनजर गर्दै १ हजार, ३ सय तथा २ सयका हिलटेक ट्याङ्की, ६ थान हातधुने साबुन, पानीखाने जग र सूचना मुलक फ्लेक्स वितरण गरेको छ ।
- यस जिल्लामा सञ्चालनमा रहेका क्वारेन्टाइन तथा आइसोलेसन कक्षहरुमा रेडक्रस रामेछापले ३८ थान बाल्टिन, ५३ थान कम्बल, २८८ थान साबुन, ३२ थान झुल र १२ थान त्रिपाल लगायतका सामाग्रीहरु वितरण गरेको छ ।
- कोरोना भाइरस सम्बन्धी सूचना, शिक्षा तथा सञ्चार सामाग्री अध्ययनका लागि रेडक्रस रामेछापले सहायताकक्ष (Help desk) सञ्चालन गरेको छ ।
- मन्थली नगरपालिकाको बजार क्षेत्रमा रहेका सर्वसाधरणलाई १ सय पचास थान सर्जिकल मास्क वितरण गरेको छ ।
- कोभिड १९ रोग तथा यस महामारीमा हुन सक्ने महिला हिंसा अन्त्यका लागि सूचना तथा सचेतना मुलक सन्देशहरु रेडियो रेडयो मार्फत प्रशासरण गरिएको छ ।
- कोभिड १९ रोग न्यूनिकरणका लागि नागरिकलाई सचेत बनाउन लक डाउनको अवधिमा जिल्लाशाखाको सवारी प्रयोग गरि माइकिङ गरेको छ ।
- मन्थली नगरपालिकाको केही निजी तथा सामुदायिक विद्यालयहरुमा कोभिड १९ सचेतना तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको छ ।
- सेवालाई पहिलो प्राथमिकतामा राख्दै यस रेडक्रस रामेछाप जिल्ला शाखाले २ वटा एम्बुलेन्सबाट २४ सै घण्टा आपतकालिन एम्बुलेन्स सेवा प्रदान गरिरहेको छ ।
- एम्बुलेन्स चालकको सुरक्षालाई मध्यनजर गर्दै यस शाखाले एम्बुलेन्स चालकलाई पिपिए सेट प्रदान गरेको छ ।
- लक डाउनको अवधिमा पनि रक्त सञ्चार विभागमा रगतको अभावहुन नदिनका लागि इच्छुक रक्तदानगर्ने व्यक्तिको घरमा नै गएर रगत संकलन गर्ने कार्य गरिरहेको छ ।
- गत जेष्ठ ८ गते खाँडादेवी गाँउपालिका वडा नं ३ स्थित नविन माझीको घरमा विद्युत सर्ट भइ आगोले पूरै घर, खाद्यान्न लगायतका सामान जलेर नष्ट भएको बेला नेपाल रेडक्रस सोसाइटी मन्थली शाखाले त्रिपाल, भाडाँ लगायतका गैर खाद्य बस्तुहरु उपलब्ध गराई सहयोग प्रदान गरेको थियो ।





## कोभिड-१९ को परीक्षणमा पि.सि.आर. नतिजामा पोजेटिभ भइ कोरोना पुष्टी भई कोभिड-१९ सम्बन्धि आइसोलेसन व्यवस्थापन सम्बन्धि निर्देशिका (२०७७/०३/२०) बमोजिम १४ दिन सम्म उपचार गरी (नतिजा नेगेटिभ) पश्चात डिस्चार्ज गरिएका व्यक्तिहरुको विवरण

| क्र.सं. | ठेगाना | उमेर | लिङ्ग | पि.सि.आर. नतिजा आएको मिति | आइशोलेसनमा आएको मिति | जम्मा संख्या | डिस्चार्ज मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | लिखुतामाकोशी गा.पा.-७ | २६ | पुरुष | २०७७/०२/२३ | २०७७/०२/२३ | १ जना | २०७७/०२/२९ | संक्रमित पुष्टी भएका २३ जना निको भई घर फिर्ता |
| | लिखुतामाकोशी गा.पा.-३ | १७ र २१ वर्ष | पुरुष | २०७७/०२/२३ | | २ जना | २०७७/०३/०७ | |
| २. | गोकुलगंगा गा.पा. ४ | २२, २३, २७, २८, ३६ वर्ष | पुरुष | २०७७/०२/२३ | | ५ जना | २०७७/०३/०७ | |
| | | २५ वर्ष | पुरुष | २०७७/०२/२३ | २०७७/०२/२४ | १ जना | २०७७/०३/०७ | |
| | | ४९ वर्ष | पुरुष | २०७७/०२/२३ | २०७७/०२/२५ | १ जना | २०७७/०३/०७ | |
| | गोकुलगंगा गा.पा.-३ | २२ र २६ वर्ष | पुरुष | २०७७/०२/२३ | २०७७/०२/२३ | २ जना | २०७७/०३/०७ | |
| | गोकुलगंगा गा.पा.-१ | २४ वर्ष | पुरुष | २०७७/०२/२३ | | १ जना | २०७७/०३/०७ | |
| ४. | मौलापुर-७, रौतहट | २६ वर्ष | पुरुष | २०७७/०२/२३ | | १ जना | २०७७/०३/०७ | |
| ५. | मन्थली न.पा.- ४ | १९ वर्ष | पुरुष | २०७७/०२/३२ | २०७७/०२/३२ | १ जना | २०७७/०३/२२ | |
| | मन्थली न.पा.- १४ | २२ वर्ष | पुरुष | २०७७/०३/०८ | २०७७/०३/०८ | १ जना | २०७७/०३/२२ | |
| ६. | लिखुतामाकोशी गा.पा.-३ | २१, २४ र २५ वर्ष | पुरुष | २०७७/०२/२३ | २०७७/०२/२३ | ३ जना | २०७७/०३/२३ | |
| | लिखुतामाकोशी गा.पा.-३ | २९ वर्ष | पुरुष | २०७७/०२/३२ | २०७७/०२/३२ | १ जना | २०७७/०३/२३ | |
| ७. | लिखुतामाकोशी गा.पा.-३ | २५ र ३३ वर्ष | | २०७७/०३/०६ | २०७७/०३/०६ | ३ जना | २०७७/०३/२७ | |
| | कूल जम्मा | | | | | २३ | | |

श्रोतः- जिल्ला अस्पताल



जिल्ला अस्पतालका डा.आनन्द आचार्यबाट निको भई घर पठाउने व्यक्तिहरुलाई स्वास्थ्य सम्बन्धि जानकारी गराउँदै



कोभिड-१९ का संक्रमितहरु निको भएको प्रमाण पत्र वितरण



कोभिड-१९ का संक्रमितहरु निको भए पश्चात विदाई गर्दै अस्पताल प्रमुख

**टोल फ्रि नं. १६६०४८५४११४**

स्वास्थ्य कार्यालय, रामेछाप

## तेस्रो मुलुकबाट जिल्ला भित्रिएकाहरुको विवरण

नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ जारी भए पश्चात तेस्रो मुलुकवाट यस जिल्लामा आएका व्यक्तिहरु देहाय वमोजिम रहेका छन् ।

| क्र.स. | मुलुक | संख्या |
|---|---|---|
| १. | दुबई | २० |
| २. | साउदी | १९ |
| ३. | कुवेत | १४ |
| ४. | कतार | ८ |
| ५. | मलेशिया | ८ |
| ६. | साउदी अरेविया | ४ |
| ७. | ओमन | ४ |
| ८. | बहराइन | ३ |
| ९. | कोरिया | २ |
| १० | स्पेन | १ |
| ११. | माल्दिभ्स | १ |
| **जम्मा** | | ८४ |

स्रोतः- नयाँ गोरख गण, रामेछाप

## विभिन्न योजना एवं आयोजना निर्माण कार्यका लागि बाहिरी जिल्लाबाट ल्याई काममा लगाईएका श्रमिकहरुको विवरण

| सि.नं. | स्थायी ठेगाना | आएको स्थान | प्रयोजन | आएको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | पर्सा | दोरम्बा गाउँपालिका | भुकम्प प्रतिरोधी घर निर्माण | ५ | सुरक्षा मापदण्डको पालना गराई आयोजनाले क्वारेन्टिनमा राखि कार्य गराउने शर्तमा |
| २. | खोटाङ | रामेछाप | प्रहरी चौकीको भवन निर्माण | ६ | |
| ३. | सोलुखुम्बु | उमाकुण्ड गा.पा. गुम्देल | लिखु-ए जलविद्युतमा काम | ३६ | |
| ४. | कन्चनपुर | लिखुतामाकोशी गा.पा. | लिखु-३ हाइड्रोपावरको काम | १५ | |
| ५. | रोल्पा | | | ५ | |
| ६. | कास्की | | | ४ | |
| ७. | दाङ | | | १० | |
| ८. | मोरङ | | | ९ | |
| ९. | गोरखा | मन्थली | जि.प्र.का.को भवन निर्माण | ३ | |
| १०. | ससरी | गोकुलगंगा गाउँपालिका | विद्यालय भवन निर्माण | २१ | |
| ११. | मोरङ | रामेछाप न.पा. | जिल्ला अस्पतालको भवन निर्माण | १० | |
| **जम्मा** | | | | १२४ | |

## पुनर्निर्माण क्षेत्रको प्रगति स्थिति

जम्मा पुनर्निर्माण लाभग्राही संख्याः- ५०११६
सम्झौता सम्पन्न संख्याः- ४८३२२ (९६.४२%)
प्रथम किस्ता वितरण संख्याः- ४८२६४ (९९.८७%)
दोस्रो किस्ता वितरण संख्याः- ४५६५० (९४.४७%)
तेस्रो किस्ता वितरण संख्याः- ४१६९३ (८६.२८%)

**<u>लकडाउनको समयमा सम्पन्न भएका उल्लेख्य कार्यहरु</u>**

१. ७४४-जना लाभग्रहिलाई प्रथम किस्ता ।
२. २०४-जना लाभग्रहिलाई दोस्रो किस्ता ।
३. ५०४- जना लाभग्रहिलाई तेस्रो किस्ता वितरण गरिएको ।
४. गैरलाभग्राही कायम भई पुनरावेदन गर्ने विभिन्न ६०० जनाको पुनराबेदन दर्ता गरी प्रक्रिया आरम्भ भएको।
५. जिल्लाको विभिन्न स्थानमा २८ वटा गुम्बाको मर्मत सम्पन्न ।
६. ४ स्थानमा साना पहिरो नियन्त्रण परियोजना कार्य सम्पन्न, ६४ वटा सुधारीएको चुलो निर्माण कार्य सम्पन्न गरी १६ जना व्यक्तिहरुलाई उक्त विषयको तालिम प्रदान।
७. मन्थली न.पा. कठजोर मा निर्मित स्वास्थ्य चौकि भवन न.पा लाई हस्तान्तरण गरिएको।
८. विगत देखि रोकिदै आएको सडक आयोजनामा पर्ने व्यक्तिहरु लाई मुआब्जा बितरण कार्य अभियानको रुपमा संचालन गरी १३४ जना व्यक्तिहरुलाई जग्गा नापजाँच, नामसारी, दाखेल खारेज इत्यादी कार्य सम्पन्न गरी मुआब्जा रकम रू.१३१६५७०२ (एक करोड एकतीस लाख पैसठी हजार सात साय दुई रुपैया) वितरण गरिएको ।
९. ४ स्थानमा साना पहिरो नियन्त्रण परियोजना कार्य सम्पन्न, ६४ वटा सुधारीएको चुलो निर्माण कार्य सम्पन्न गरी १६ जना व्यक्तिहरुलाई उक्त विषयको तालिम प्रदान।
१०. विभिन्न स्थानका १२ जना जोखिमका लाभग्राहीहरुलाई DLPIU-BUILDING का कर्मचारीहरु परिचालन उनिहरुको निजि आवास निर्माण गरिएको।
११. यस बिचमा २ पटक जिल्ला पुनर्निर्माण सहजिकरण समितिको वैठक र २ पटक मुआब्जा निर्धारण समितिको बैठक वसी विभिन्न निर्णयहरू भएका छ ।

## उत्कृष्ट कर्मचारीलाई कदर पत्र प्रदान

जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहमा अग्रसरता लिई काम गरेको, विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धमा कार्यालय समय अघिपछि पनि सेवा प्रवाहमा खटिएको, अभिलेख व्यवस्थापन, सूचना प्रविधी, सञ्चार, सम्पर्क, प्रतिवेदन लगायतका काममा सकृय भई कार्यसम्पादन गरेका देहायका ३ (तीन) जना कर्मचारीहरुलाई उत्कृष्ट कार्य गर्ने कर्मचारीको रुपमा छनौट गरिएको छ । आगामी दिनमा पनि निरन्तर रुपमा इमान्दार भई नागरिकको सेवामा खटिन शुभकामना सहित उत्कृष्ट कार्यको कदर पत्र प्रदान गरिएकोछ ।

नायब सुब्बा श्री लक्ष्मण तामाङ

कम्प्युटर अपरेटर श्री सरोजकुमार श्रेष्ठ

कम्प्युटर अपरेटर श्री खिला बहादुर महत










## चटयाङ्गमा परी मृत्यु भएकालाई राहत

रामेछाप जिल्ला दोरम्बा गाउँपालिका वडा नं. १ डडुवा निवासी फौदबहादुर श्रेष्ठको श्रीमती सितामाया श्रेष्ठको चटयाङ्गबाट मृत्यु भएको थियो । जिल्ला समन्वय समितिका प्रमुख प्रेमबहादुर खड्का र प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जिल्ला विपद् व्यवस्थापन कोषबाट मृतकका ससुरा वर्ष ८४ का कुल बहादुर श्रेष्ठलाई घरमै गएर राहत सामाग्री र नगद रु. १ लाख प्रदान गर्नु भएको थियो ।

## प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीलाई स्वाव संकलन बुथ हस्तान्तरण

नेपाल इन्जिनियर एशोसियसन बागमती प्रदेशले जिल्ला विपद् व्यवस्थापन समितिलाई स्वाव संकलन बुथ उपलब्ध गराएको छ। एसोसियसनले उपलब्ध गराएको बुथ प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माद्धारा मन्थली नगरपालिका प्रमुख रमेश कुमार बस्नेतलाई हस्तान्तरण गरिएको छ । एशोसियसनको तर्फबाट इन्जिनियर सरोज कार्कीले बुथ प्रदान गरेका थिए ।

कोरोना संक्रमण परीक्षणका लागि उपयुक्त हुने स्वाव संकलन बुथले स्वास्थ्यकर्मीको सुरक्षा, धेरै PPE को बचत हुने, नेपाली युवाहरुले तयार गरिएका यस्ता प्रविधिको महत्व उल्लेखनिय रहेको छ ।






# अनुगमन गतिविधि

मिति २०७७/०३/०९ गते जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रले दोरम्बा गाउँपालिकामा अनुगमन/ निरीक्षण गरेको छ । जिल्ला समन्वय प्रमुख प्रेम बहादुर खड्का, प्र.जि.अ. रुद्रादेवी शर्मा, समन्वय अधिकारी जिल्ला स्थित सुरक्षा निकायका प्रमुख, प्रमुख राजनैतिक दलका प्रतिनिधि तथा पत्रकारको टोलीले गाउँपालिकामा रहेका आइसोलेस, क्वारेन्टाइन र विकास निर्माणको अवस्थाको बारेमा अनुगमन/ निरीक्षण गरेको थियो ।

अनुगमन गरी गाउँपालिकाले आयोजना गरेको कार्यक्रममा उपस्थित भई संचालित क्वारेन्टिनमा थप सुधार गर्नुपर्ने, दोरम्बा प्राथमिक स्वास्थ्य केन्द्रमा रहेका १६ बेड आइसोलेसनको रुपमा प्रयोग गर्ने, सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यक्रम संचालन गर्दा स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गर्न सुझावहरु प्रदान गरिएको थियो ।



दोरम्बा गाउँपालिका



गोकुलगंगा गाउँपालिका

मिति २०७७/०३/२३ गते गोकुगंगा गाउँपालिकामा रहेका क्वारेन्टिन र आइसोलेसनको अनुगमन गरिएको छ। प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको नेतृत्वमा प्र.ना.उ बसन्त पाठक, प्र.अ.अ. सुबास कार्की, स.प्र.नि. उपेन्द्रबहादुर टेर, ने.क.पा.का आनन्द श्रेष्ठ, ने.का.का लेखबहादुर कार्की तथा सञ्चारकर्मीहरु सम्मलित टोलीले पालिकाका गतिविधि तथा गर्जाङ्ग हाइड्रोपावरको अनुगमन गरेको छ ।

अनुगमनका क्रममा भारत लगायत तेस्रो मुलुकबाट आएका मानिसहरुको अवस्था, क्वारेन्टिन र आइसोलेसनको अवस्था, गाउँपालिकामा विपद्को पूर्वतयारी, राहत वितरण, विकास निर्माणको अवस्थाका बारेमा गाउँपालिकाका अध्यक्ष खड्गबहादुर सुनुवारले जानकारी गराउनु भएको थियो । वडाका सबै वडा अध्यक्षसँग अन्तरक्रिया गरी सवारी पास तथा जिल्ला प्रशासन कार्यालयमा नागरिकताको सिफारिस गर्दा ध्यान दिनु पर्ने विषयहरु सुझाव दिईएको थियो ।



गोकुलगंगा गाउँपालिकाको कार्यक्रममा सहभागी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा

## प्रमुख जिल्ला अधिकारीबाट अनुगमन

प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको नेतृत्वमा जनप्रतिनिधि र सुरक्षा निकाय सम्मिलित टोलीबाट २०७७ चैत्र ११ देखि २०७७ आषाढ मसान्तसम्म (लकडाउनको अवधिमा) ८ वटा पालिका मध्ये ७ वटायस पालिकामा रहेको ४४ स्थानका ४५६ वटा क्वारेन्टिन वेड र ८९ वटा आइसोलेसन कक्षको अनुगमन तथा निरीक्षण भएको छ ।

## आपुर्ति तथा वितरण व्यवस्थापन समितिको बैठक

मिति २०७७/०३/१९ गते प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्मा ज्युको अध्यक्षतामा बसेको मल आपुर्ति तथा वितरण व्यवस्थापन समितिको बैठकबाट भएका निर्णयहरुः

१. सहकारी सुचिकृत नवीकरण र दर्ताका लागि स्थानीय तहलाई पत्राचार गरी कृषि ज्ञान केन्द्रले पनि विवरण राख्ने ।
२. रासायनिक मल विक्रेताको प्रमाणपत्र दर्ता र नवीकरण स्थानीय तहले गर्ने परिपत्र भएकाले सो को विवरण सम्बन्धित स्थानीय तहसँग माग गरी विवरण अद्यावधिक गर्ने ।
३. मलको उच्च मागलाई मध्यनजर गर्दै नयाँ डिपो माग गर्ने ।
४. रामेछाप जिल्लालाई प्राप्त मलको विवरण यकिन गरी विवरण अद्याविधक गर्ने ।
५. मलको सिफारिस गर्दा सम्बन्धित सहकारीले अघिल्लो पटक विक्री गरेको मलको परिमाण र मूल्य खुलेको विवरण अनिवार्य ल्याउनु पर्ने र सम्बन्धित पालिका वा वडाको सिफारिस अनिवार्य गर्ने ।
६. बाली सघनता, खेतीयोग्य जमिन र सिँचाइ उपलब्धतालाई मध्यनजर गर्दै जिल्लालाई प्राप्त हुने मलको परिमाणको आधारमा स्थानीय तहको सिफारिसमा रासायनिक मलको सिफारिस दिने ।
७. प्रत्येक स्थानिय तहको प्रत्येक वडामा एक वटा सहकारी विक्रेता रहने व्यवस्था मलखाद आपुर्ति तथा वितरण व्यवस्थापन (जिल्लास्तर) कार्यविधि, २०६९ का अनुसार गर्ने साथै सम्बन्धित वडामा सहकारी संस्था नभएमा विक्रि गरिरहेका सहकारीलाई सम्बन्धित पालिकाको सिफारिसमा कार्यक्षेत्र तोक्ने ।
८. सम्बन्धित स्थानिय तह र मल आपुर्ति तथा वितरण व्यवस्थापन समितिले मल विक्रेताको अनुगमन र निरीक्षण गर्ने ।

## जिल्ला भित्रिएका रासायनिक मल

| क्र.स. | पठाउने संस्था | ल्याउने संस्था | मलको विवरण (बोरामा) | | |
|---|---|---|---|---|---|
| | | | युरिया | डिएपी | पोटास |
| १. | साल्ट ट्रेडिङ्ग कर्पोरेसन लि. बनेपा | लोकेश्वर कृषि सहकारी संस्था लि., बेथान | २०० | ० | ० |
| | | कृषक जागरण कृषि सहकारी संस्था लि., ओखेनी | २७९० | ० | ० |
| | | कृष्ण साना किसान कृषि सहकारी संस्था लि., बेथान | ८० | ० | ० |
| | | अग्लेश्वरु बीउ उत्पादन कृषि सहकारी संस्था लि., टोकरपुर | १०२० | ५५ | ० |
| | | गुराँस कृषि सहकारी संस्था लि., गुन्सी | ३७० | १०० | ० |
| | | सित्खा कृषि सहकारी संस्था लि., खाँडादेवी | १०० | ० | ० |
| २. | कृषि सामाग्री कम्पनी लि. धुलिखेल | पुविसुधार कृषि सहकारी संस्था लि., सुनापति | २७६ | ४० | ३ |
| | | नवजीवन बचत तथा ऋणा सहकारी संस्था लि., सुनापती | १०५ | ४५ | |
| | | सित्खा कृषि सहकारी संस्था लि., सुनापती | ८० | २० | ० |
| | | कृषक जागरण कृषि सहकारी संस्था लि., ओखेनी | ० | ० | १०० |
| ३. | कृषि सामाग्री कम्पनी लि. सिन्धुली | फुलवारी बहुउद्वेश्यीय सहकारी संस्था लि. मन्थली-१३ | ३०० | २० | ० |
| | | कोशिश कृषक जागरण कृषि सहकारी संस्था लि., मन्थली-१ | ८० | ६ | |
| | | कृषक जागरण कृषि सहकारी संस्था लि., ओखेनी | ८९७ | ४८० | ५ |
| | | भूपू सैनिक बचत तथा ऋण सहकारी संस्था लि. मन्थली-१ | २५२ | ११२ | |
| | | शान्ति समाज बचत तथा ऋण सहकारी संस्था लि. मन्थली-१३ | २३० | २० | |
| | | उषाकिरण महिला कृषक जागरण कृषि सहकारी संस्था लि.,तिल्पुङ्ग | ३०० | ६ | |
| | | भगवती बहुउद्देश्यीय सहकारी संस्था लि., तिल्पुङ्ग | ९० | १० | |
| | | जनमैत्री साना किसान कृषि सहकारी संस्था लि. मन्थली-६ | १६२ | २६ | |
| | | छहारी साना किसान मन्थली-८ | ८० | ६ | |
| | | सुनापति कृषि सहकारी संस्था लि., सुनापति-४ | १४० | ४ | |
| | | जगदिश्वर बहुउद्देश्यीय सहकारी संस्था लि. मन्थली-१२ | ४२० | ८५ | ५ |
| | | जम्मा | ७९७२ | १०३५ | ११३ |



प्र.जि.अ.ज्यूबाट कार्यालय परिसरमा वृक्ष रोपण गर्नु हुँदै




धान दिवसमा सहभागी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा

## तामाकोशी अस्पताल अनुगमन

प्रमुख जिल्ला अधिकारीबाट तामाकोशी अस्पतालको अनुगमन भएको छ । १२ जना विरामी रहेकोमा सबैको स्वास्थ्य अवस्थाको जानकारी लिदैं क्यान्सर पीडित गोकुलगंगा गाउँपालिका-५नामाडीकी पदम कुमारी खड्कालाई रु. ५०००।- (पाँच हजार) प्रदान गरी सबै विरामीलाई फलफूल वितरण गर्नु भएको छ ।






प्र.जि.अ.ज्यूलाई ध्यानाकर्षण पत्र बुझाउँदै रामेछाप उद्योग बाणिज्य संघका पदाधिकारीहरु

## रामेछाप उद्योग बाणिज्य संघको गतिविधिहरु

१. जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रको निर्णय बमोजिम रामेछाप उद्योग बाणिज्य संघले खर्च व्यहोर्ने गरी मिति २०७७।०३।२७ देखि २०७७।४।२६ सम्म तेस्रो मुलुकबाट स्वदेश फर्किएका नागरिकहरुलाई काठमाण्डौको होल्डिङ्ग सेन्टर देखि रामेछापको होल्डिङ्ग सेन्टरसम्म ल्याउनको लागि सवारी साधनको व्यवस्थापन गरेको छ ।

२. कोभिड-१९ लाई मध्य नजर गरी आन्तरिक रुपमा लकडाउनको पूर्ण पालना भए नभएको सन्दर्भमा ३३० व्यवसायी फर्महरु अनुगमन भएको छ ।

**होल्टिङ्ग सेटरमा सहयोग**

तेस्रो मुलुकबाट स्वदेश फर्किएका नागरिकहरुलाई काठमाण्डौको होल्डिङ्ग सेन्टर देखि सेलेघाटको होल्डिङ्ग सेन्टरसम्म पूर्ण वहादुर तामाङ्ग (कान्छाराम) द्वारा १ महिनाको लागि सवारी साधनको व्यवस्थापन गरिएको थियो ।

## सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म रामेछापद्धारा लकडाउनमा गरिएका कार्यहरु

- कोरोना भाईरस संक्रमण बाट बच्नको लागी नेपाल सरकार बाट जारी गरेको लकडाउन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन रामेछाप जिल्ला भित्रिने र बाहिरिने सवारी साधनहरुको चेकजाँच तथा सोधपुछ कार्यमा प्रभावकारीता ।
- मन्थली बजार ईलाकामा पैदल गस्ती र पिकेट डिउटी गराई आवश्यक मानिसहरुको आवत जावतमा रोक तथा नियन्त्रण ।
- खाँडादेवी गा.पा.१ खैरेनीघाट बाट जिल्ला भित्रिनी सवारी साधन तथा अनावश्यक व्यक्तिहरुको प्रवेशमा चेकजाँच तथा सोधपुछमा नियन्त्रण ।
- मिति २०७७/०३/२६ गतेको अविरल वर्षाको कारण खाँडादेवी १ वेलघारी स्थित निर्माणाधीन मध्यपहाडी लोकमार्गमा गएको पहिरोको कारण अवरुद्ध सडक खण्ड अस्थाई चेकपोष्ट स.प्र.बल नेपाल खाँडादेवी खैरेनीघाटको टोली र जेसिवी द्वारा पहिरो पन्छाएको ।
- २४ सै घण्टा मन्थली न.पा.२ स्थीत आकाशे पुलमा पिकेट डिउटी खटिएको ।



पहिरोका कारण अवरुद्ध भएको सडक हटाउन सहयोग गर्दै सशस्त्र प्रहरी बल नेपाल



रामेछाप र सिन्धुली जिल्लाको सिमाना खाँडादेवी गा.पा. खैरेनीघाटमा चेकप्वाईन्ट डियुटी

## लक्ष्मी आयल स्टोर सञ्चालन

बजार अनुगमनको क्रममा सिल गरिएको लक्ष्मी आयल स्टोर बाणिज्य तथा आपूर्ति विभागको कार्वाही पश्चात आयल निगमको प्रतिनिधि सहितको टोलीले कम गुणस्तरको पेट्रोलियम पदार्थ नष्ट गरी मिति २०७७ आषाढ १८ देखि लक्ष्मी आयल स्टोर सिल खोलि सञ्चालनमा ल्याईएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, रामेछाप
**संकट व्यवस्थापन केन्द्र, रामेछाप**
**Crisis Management Center, Ramechhap**
*फोन नं. ०४८-५४०३३३, ५४०१३३, ५४०३७०, फ्याक्स नं. ०४८-५४०५०१, ५४००८८*
Email: daoramechhap@gmail.com, Web: daoramechhap.moha.gov.np टोलफ्री नं. १६६०४५५४८८८